# बालबालिकाको शिक्षा प्रक्रियामा अभिभावकको भूमिका
# तनहुँ आँबुखैरेनी गाउँपालिकाको एक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत

समाजशास्त्र विषयमा स्नातकोत्तर तहको

प्रयोजनको लागि प्रस्तुत

***शोध पत्र***


**शोधार्थी**

ईन्दिरा अर्याल

क्याम्पस रोल नं. :४७/०६६

परीक्षा रोल नं. : ४८०७६३/०६९

रजिष्ट्रेशन नं. : ६-२-१९-५७३-२००३



त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्काय

समाजशास्त्र तथा ग्रामिण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

२०७४

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र संकाय, समाजशास्त्र तथा ग्रामिण विकास विभाग अर्न्तगत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आशिंक आवश्यकता पूर्तिको निम्ति शोद्यार्थी छात्रा ईन्दिरा अर्यालद्वारा **"बालबालिकाको शिक्षा प्रक्रियामा अभिभावकको भूमिका"** मा तनहुँ आँबुखैरेनी गाउँपालिकाको एक अध्ययन शीर्षकमा शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । उहाँको कार्य प्रति म सन्तुष्ट छु । उक्त शोधपत्रको आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

.........................

शंकरनाथ पौडेल

शोध निर्देशक

समाजशास्त्र तथा ग्रामिण  विकास विभाग

पृथ्वीनारायण क्याम्पस पोखरा,

मिति :- २०७४/१२/८

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय ,पृथ्वीनारायण क्याम्पस, पोखरा मानविकी तथा सामाजिक शास्त्र संकाय,समाजशास्त्र तथा ग्रामिण विकास विभाग अर्न्तगत समाजशास्त्र विषयको स्नातकोत्तर तहको पाठ्यक्रम अनुरुप ईन्दिरा अर्यालद्वारा तयार गरिएको **"बालबालिकाको शिक्षा प्रक्रियामा अभिभावकको भूमिका"** मा तनहुँ आँबुखैरेनी गाउँपालिकाको एक अध्ययन नामक यस शोधपत्रलाई देहायको मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

.........................

शंकरनाथ पौडेल

शोध निर्देशक

..............................

तेजप्रसाद सुवेदी

बाह्य परिक्षक

......................................

प्रा.विश्वकल्याण पराजुली

विभागिय प्रमुख

मिति :- २०७४/१२/२०

# कृतज्ञतापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस पोखरा, मानविकी तथा सामाजिकशास्त्र सङ्काय समाजशास्त्र तथा ग्रामिण विकास विभाग अन्तर्गत समाजशास्त्र स्नातकोत्तर तहको द्वितीय वर्षको अध्ययन गर्दा अनिवार्य रुपमा लेख्नुपर्ने शोधपत्र हो । यस शोधपत्रमा बालबालिकाको सिकाइ उपलब्धिमा अभिभावकको के कस्तो भूमिका रहन्छ भन्ने विषयलाई विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ । यस शोधपत्रमा बालबालिकाको शिक्षा प्रक्रियामा अभिभावकको भुमिकामा अध्ययन अनुसन्धान गरि शोधपत्र तयार गर्ने बालबालिकाहरुले शिक्षामा किन अपेक्षाकृत उपलब्धि हासिल गर्न सक्दैनन् ? राज्य तथा अभिभावकले लगानि गरे अनुरुप किन सामुदायिक विद्यालयका बलाबालिकाहरुले अपेक्षाकृत सिकाइ उपलब्धि हासिल गर्न सक्दैनन् भन्ने विषयमा अध्ययन गर्ने मेरो इच्छा र चाहनालाई सम्मानित गुरुहरुको निर्देशन, सुझाव सरसल्लाह र प्रोत्साहनद्वारा पुरा गर्न स्नातकोत्तर तहको अध्ययन अन्तिम चरणमा आइपुग्दा मलाई अत्यन्त खुशि र गर्वको महशुस भइरहेको छ । यो शोधपत्र पुरा गर्ने क्रममा विभिन्न प्रकारका कमिकमजोरीहरु पक्कै पनि भएका होलान् । शोध कार्यका शिलशिलामा कुनै पनि कमिकमजोरिहरु नहोस् भन्ने उद्देश्यले आफुले प्राप्त गरेको सैद्धान्तिक ज्ञानको व्यवहारिक प्रयोगद्वारा यस शोधकार्यमा आफ्नो बुद्धि विवेक र क्षमताले भ्याएसम्म मेहनत र प्रयास गरेकी छु यो शोधपत्रमा शीषर्क अनुसार वास्तविक र यथार्थरुपमा तयार पार्ने क्रममा आफ्नो बहुमूल्य र व्यस्त समय दिएर चरणबद्ध रुपमा सल्लाह सुझाव एवं निर्देशन दिने निरिक्षक शंकरनाथ पौडेल पृथ्वीनारायण क्याम्पस समाजशास्त्र विभागका प्रमुख आदरणीय गुरु विश्वकल्याण पराजुली, बाह्य परिक्षक तेजप्रसाद सुवेदी, विभागका गुरु रामचन्द्र बराल प्रति कृतज्ञताज्ञापन गर्दछु । साथै विभागका सम्पूर्ण गुरुहरुप्रति हार्दिक कृतज्ञता टक्राउन चाहन्छु । अन्त्यमा क्षेत्र अध्ययनमा सहयोग गर्ने सम्पूर्ण उत्तरदाता छलफलमा सहभागि विद्यार्थी, अन्तरवार्ता अनुसूचीमा सहभागी विद्यार्थी, विद्यालयका प्रधानाध्यापक ध्रुवराज अधिकारी अन्य शिक्षक, शिक्षिकाहरु, अभिभावक साथै द्वितीय स्रोत उपलब्ध गराइदिने विभिन्न संघ संस्थाका मेरा साथीहरु सबैलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा शोधपत्र लेखनको कार्यलाई पूरा गर्नको लागि अति महत्वपूर्ण सहयोग पुरयाउनुहुने श्रीमान विजयराज अधिकारी, मेरा घरपरिवार, कम्प्यूटर कार्यक्रमहरुमा सहयोग पुऱ्याउनु हुने अनिता दिदी त्यस्तै मलाइ सधैं लेख्नमा प्रेरण दिने भिनाजु धर्मराज पन्थीं र

दिदी निर्मला साथै मेरा बाबा आमा र शिक्षक शिक्षिका साथीहरुलाई हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दै उहाँहरुलाई धन्यवाद दिन चाहन्छु । साथै यस शोधपत्रलाई छपाइ सम्बन्धी कार्य सम्पादन गरिदिनु हुने द क्रियटिभ कम्प्युटर, बगर-१, पोखराप्रति धन्यवाद व्यक्त गर्दछु ।

मिति २०७२/१२/१६ ईन्दिरा अर्याल

# शोध सार

*यस शोधपत्रमा बालबालिकाको शिक्षा प्रक्रियामा अभिभावकको भूमिका विषयमा अध्ययन गरिएको छ । यस अध्ययनमा किन सबै बालबालिकाहरुले अभिभावकको चाहना अनुसार शैक्षिक सफलता प्राप्त गर्न सक्दैनन् भन्ने विषयलाई मूल विषय बनाई अध्ययन अनुसन्धान गरिएको छ । यस अध्ययनले सम्पूर्ण जिल्लाको सामुदायिक विद्यालयको प्रतिनिधित्व नगरेतापनि तनहूँ जिल्लाको आँबुखैरेनी गाउँपालिकाको सत्रसयफाँटमा रहेका विद्यालयको प्रतिनिधित्व गरेको छ । यो शोधपत्रमा तनहूँ जिल्लाको श्री मित्रता माध्यमिक विद्यालयको सेरोफेरोमा केन्द्रित रहेर अध्ययन अनुसन्धान गरिएको छ । यसमा बालबालिकाहरुले शिक्षा हासिल गर्ने क्रममा के कस्ता उपलब्धी हासिल गरेका छन् । साथै उही शिक्षक, उही विद्यालय तथा समान उमेरका केटाकेटीहरुलाई एउटै विद्यालयको वातावरणमा अध्यापन गराउँदा किन सबैले समान उपलब्धि हासिल गर्न सकिरहेका छैनन भनी अभिभावकको भूमिका तथा घरको वातावरणले के कस्तो असर पारिरहेको हुन्छ भनि अध्ययन अनुसन्धान गरिएको छ ।*

*प्रस्तुत शोध अध्ययनका क्रममा सामान्य उद्देश्यमा बालबालिकाको सिकाइमा अभिभावकको भूमिका के कस्तो छ पत्ता लगाउने र विशिष्ट उद्देश्यमा बालबालिकाको सिकाइमा परिवारको सामाजिक आर्थिक र शैक्षिक अवस्थाले पार्ने प्रभाव बारे अध्ययन तथा विश्लेषण गर्ने र बालबालिकाको सिकाई उपलब्धिपूर्ण बनाउन उनीहरुका अभिभावकले निर्वाह गरेको भूमिकाबारे अध्ययन गर्ने रहेको छ ।*

*प्रस्तुत शोध अध्ययनका क्रममा सामान्य उद्देश्य पूरा गर्नका लागि तनहुँ जिल्लाको आँबुबैरेनी गाँउपालिका वडा नं १ मा रहेको श्री मित्रता माध्यमिक विद्यालयमा अध्यनरत करिब ५७४ विद्यार्थीहरु मध्ये कक्षा १० मा भर्ना भएका १२० जना विद्यार्थीहरु मध्ये विद्यालयमा उपस्थित भएका १०० जना विद्यार्थीहरुलाई लिएर अध्ययन अनुसन्धान कार्य पुरा गरिएको छ । प्रस्तुत अध्ययन प्राथमिक संकलन विधिमा आधारित रहेको छ साथै गौण रुपमा द्वितीय स्रोतको पनि प्रयोग गरि संख्यात्मक, गुणात्मक र विश्लेष्णात्मक अनुसन्धान ढाँचा प्रयोग गरि अध्ययन अनुसन्धान कार्य पुरा गरिएको छ ।*

*कृषि तथा पशुपालन व्यवसाय अपनाएका परिवरबाट आएका बालबालिकाहरुको भन्दा अन्य पेशा व्यवसाय अपनाएका परिवारबाट आएका अधिकांश बालबालिकाहरुको पढाइको स्तर राम्रो भएको पाइयो । रोजगारिको लागि मात्र शिक्षा भन्ने बुझाइ भएका अभिभावकहरुका बालबालिकाहरुको भन्दा शिक्षाको बहुआयमिक महत्वका विषयमा जानकारी भएका अभिभावकहरुका बालबालिकाहरुको पढाई राम्रो भएको पाइयो ।*

बालबालिकाहरुको उमेर अवस्था इच्छा आकांक्षा र मनोविज्ञान बुझेर सोहि अनुरुप व्यवहार गरि उनीहरुलाई मार्ग निर्देशन गर्न सक्ने सक्षम अभिभावकको बालबालिकाहरुले पढाइमा रामै प्रगति गरको पाइयो । बालबालिकाहरुको इच्छा र चाहना अनुसार उनीहरुले गरेका राम्रा कामहरुको प्रशंसा गर्ने उनीहरुको आवश्यकता समयमा नै पूरा गरिदिने र बालबालिकाहरुले पढाइमा प्रगति गरेको समयमा उचित पुरस्कारको व्यवस्था गर्दै उत्प्रेरणा दिने गरेका बालबालिकाले पढाइमा राम्रो गरेको देखिन्छ ।

परिवारको सामाजिक, आर्थिक र शैक्षिक अवस्था राम्रो भएको परिवारबाट पढ्न आएका बालबालिकाको पढाइ सामाजिक, आर्थिक र शैक्षिक अवस्था राम्रो नभएका बालबालिकाहरुको भन्दा राम्रो भएको पाइयो । घरमा पढ्नका लागि राम्रो वातावरण तयार गर्न सक्षम अभिभावकहरुका बालबालिकाले घरमा पढ्नका लागि उचित वातावरण तयार गर्न नसकेका अभिभावकहरुका बालबालिकाले भन्दा पढाईमा राम्रो प्रगति गर्न सकेको पाइयो टाढा टाढाबाट हिडेर विद्यालय आउनुपर्ने बालबालिकाहरुले भन्दा विद्यालय नजिक घर हुने साथै विद्यालय यातायातको साधन प्रयोग गर्ने बालबालिकाको पढाइको स्तर राम्रो भएको पाइयो । बालबालिकाहरुको शैक्षिक उपलब्धिस्तर बढाउन अभिभावक तथा शिक्षक शिक्षिकाहरुले समयसमयमा उचित पुरस्कार तथा सकारात्मक प्रेरणा जगाउने क्रियाकलापहरु गरिनुपर्छ । शैक्षिक स्तर वृद्धि गर्न राज्य पक्ष, विद्यालय र अभिभावकहरु सबैले विद्यार्थीहरुलाई उचित पुरस्कार तथा सकारात्मक प्रेरणा जगाउने क्रियाकलापहरु गरिनुपर्दछ । बालबालिकाहरुको शैक्षिक उपलब्धीस्तर बढाउन शिक्षक अभिभावकहरुबीच छलफल तथा समयसमयमा भेटघाट कार्यक्रमहरुको व्यवस्था हुनुपर्दछ जसले गर्दा उचित समयमा नै बालबालिकाहरुलाई सहि मार्ग निर्देशन गर्न सकिन्छ ।

# विषय सूचि

| | |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञतापन | iii |
| सोधसार | iv |
| विषयसूची | v |
| तालिका सूची | vi |
| चित्र सूची | vii |
| **अध्याय एक : परिचय** | **१-९** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको उद्देश्य | ६ |
| १.४ अध्ययनको सीमा | ६ |
| १.५ अध्ययनको औचित्य | ६ |
| १.६ अध्ययनको सङ्गठनात्मक ढाँचा | ८ |
| **अध्याय दुई : साहित्यको पुनरावलोकन** | **१०-२५** |
| २.१ पूर्व साहित्य समिक्षा | १० |
| २.२ अवधारणात्मक पृष्ठभूमि | १५ |
| २.३ अवधारणात्मक खाका | २४ |
| **अध्याय तीन : अध्ययन विधि** | **२६-२८** |
| ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य | २६ |
| ३.२ अनुसन्धानको ढाँचा | २६ |
| ३.३ तथ्याङ्कको समग्रता र नमुना छनौट | २७ |
| ३.४ तथ्याकंको स्रोत र प्रकृति | २७ |
| **अध्याय चार : सामाजिक, आर्थिक अवस्थाले विद्यार्थीको सिकाइमा पारेको प्रभाव** | **२९-४८** |
| ४.१ अध्ययन क्षेत्रको परिचय | २९ |
| ४.२ अध्ययन क्षेत्रको शैक्षिक झलक | ३० |
| ४.३ मित्रता माध्यमिक विद्यालयको परिचय | ३१ |

४.४ परिवारको शैक्षिक र आर्थिक अवस्थाले विद्यार्थीको पढाईमा पारेको प्रभाव ३४
४.५ बालबालिकाको पौष्टीक आहारको आपुर्ति ३६
४.६ विद्यार्थीको खेलकुद तथा मनोरञ्जनको स्थिति ३६
४.७ बालबालिकाको भ्रमण तथा मनोरञ्जनको अवस्था ३७
४.८ बालबालिकाको आमाहरुको शैक्षिक स्थिति ३८
४.९ विद्यार्थीको सिकाई उपलब्धीको स्थिति ४१
४.१० बालबालिकाको परिवारको प्रमुख पेशा ४२
४.११ घरबाट विद्यालय पुग्न लाग्ने समय ४३
४.१२ अध्ययन गरीएका बालबालिकाहरुको लैङ्गिक र जातिगत अवस्था ४५
४.१३ अध्ययन गरीएका बालबालिकाको परिवारको किसिम ४६
४.१४ बालबालिकाहरुको उपचार गराउने तरिका तथा बिरामी अवस्तथाको हेरचाह ४७

**अध्याय पाँचः अभिभावकको भूमिकाले विद्यार्थीको सामाजिकीकरणमा पारेको प्रभाव ४९-६१**

५.१ शिक्षाको महत्वका बारेमा अभिभावकको बुझाई ५१
५.२ अभिभावकहरुको छोराछोरीको पढाइप्रतिको धारणा तथा गल्ति गर्दा सम्झाउने तरिका ५२
५.३ अभिभावक र शिक्षक शिक्षिका बिचको छलफल ५३
५.४ विद्यार्थीको पढाइमा प्रेरणा जगाउने खालका क्रियाकलापहरु ५५

**अध्याय छ : सारंश, निष्कर्ष र सुझाव ५८-६६**

६.१ सारांश ५८
६.२ निष्कर्ष ६०
६.३ सुझावहरु ६१

**सन्दर्भ सूची**

**अनुसुचीहरु**

अनुसुची : एक उत्तरदाता विद्यार्थीका लागि अन्तरवार्ता अनुसुची
अनुसुची : दुई उत्तर दाता विद्यार्थीका अभिभावका लागि अन्तरवार्ता अनुसुची
अनुसुची : तीन विद्यालयका शिक्षक शिक्षिकाहरुका निम्ती अन्तरवार्ता अनुसुची
अनुसुची : चार घर तथा छिमेकीको परिवेश अवलोकन सूची
अनुसुची : पाँच अध्ययन क्षेत्रको नक्सा

# तालिका सुची


| तालिका शीर्षक | | पृष्ठ |
|---|---|---|
| ४.१ | विद्यार्थी संख्याको तहगत विवरण | ३२ |
| ४.२ | एस.ई.इमा सहभागी विद्यार्थी र उर्त्तिण प्रतिशत | ३३ |
| ४.३ | विषयगत एस.ई.इ नतिजा विवरण | ३३ |
| ४.४ | परिवारको शैक्षिक अवस्थाले पढाइमा पारेको प्रभाव | ३४ |
| ४.५ | बालबालिकाको परिवारको आर्थिक स्थिति विवरण | ३५ |
| ४.६ | विद्यार्थीको पोषण स्थिति विवरण | ३६ |
| ४.७ | बालबालिकाको खेलकुद तथा मनोरञ्जनको स्थिति | ३७ |
| ४.८ | उत्तरदाताको आमाहरुको शैक्षिक स्थिति विवरण | ३९ |
| ४.९ | विद्यार्थीको सिकाइ उपलब्धी विवरण | ४१ |
| ४.१० | बालबालिकाको परिवारको प्रमुख पेशा | ४२ |
| ४.११ | घरबाट विद्यालय पुग्न लाग्ने समय | ४४ |
| ४.१२ | बालबालिकाहरुको लैङ्गिक र जातिगत विवरण | ४६ |
| ४.१३ | उत्तरदाताको परिवारको किसिम | ४७ |
| ४.१४ | बिरामी बालबालिकाको उपचार गराउने तरिका | ४८ |
| ५.१ | शिक्षाको महत्वको बारेमा अभिभावकको बुझाई | ५२ |
| ५.३ | उत्तरदाता अभिभावकको विद्यालयमा उपस्थिति र शिक्षक शिक्षिकासँग छलफल | ५३ |
| ५.४ | अभिभावकहरुले बालबालिकाहरुलाई सिकाई कार्यमा प्रेरित गर्ने तरिका | ५६ |